दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १८४ | बुटवल | २०८२ असार १६ गते, सोमबार | नेपाल संवत ११४५ | Monday June.30, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



दाङको लमही नगरपालिका-२ स्थित केरुनियामा आइतबार लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको आयोजनामा भएको २२औँ राष्ट्रिय धान दिवसका अवसरमा रोपाइँ गर्दै रोपाहार।
तस्विरः कुलदीप न्यौपाने

## स्वास्थ्य मन्त्री अस्पताल भर्ना

बुटवल। स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल अस्वस्थ भएपछि अस्पताल भर्ना भएका छन्। उच्च ज्वरो आएपछि स्वास्थ्यमन्त्री पौडेल शनिबार वीर अस्पताल भर्ना भएका हुन्।

उनी थाइल्याण्डबाट फर्किएपछि अस्वस्थ्य भएका हुन्। थाइल्याण्ड जानुभन्दा अगाडि नै उनमा ज्वरो थियो। त्यही ज्वरो निको नभएको चिकित्सकले बताएका छन्।

मन्त्री पौडेलको उपचार वीर अस्पतालका निर्देशक डा. दिलिप शर्माको नेतृत्वमा भइरहेको छ। अस्पताल स्रोतका अनुसार अस्पतालका विभिन्न विभागीय प्रमुख समेत उपचार प्रक्रियामा सहभागी छन्।

मन्त्री पौडेलको स्वास्थ्य परीक्षण जारी रहेको छ। वीर अस्पतालको पुरानो भवनमा रहेको भीभीआइपी वार्डमा उनको उपचार भइरहेको हो।

## संघीय संसद एकसाता स्थगित



बुटवल। प्रतिनिधिसभाको बैठक एक साताका लागि स्थगित भएको छ।

आइतबार बसेको प्रतिनिधिसभाको बैठकले संघीय निजामती सेवा विधेयक पारित गरेको छ।

त्यसपछि सभामुख देवराज घिमिरेले अर्को बैठक असार २३ गते दिउँसो १ बजे बस्ने गरी स्थगित गरे। चालु अधिवेशनमा भिजिट भिसा प्रकरणमा गृहमन्त्रीको राजीनामा माग्दै विपक्षी दलहरुले डेढ हप्ता संसद चल्न दिएका थिएनन्। तर माओवादी केन्द्रले दुई बुँदे सहमति गरेपछि बैठक चलिरहेको छ। यद्यपि रास्वपा र राप्रपाले बैठकमा अवरोध र वहिष्कार गरिरहेका थिए।

## निजामति विधेयक पारित



बुटवल। संघीय निजामती सेवा विधेयक, २०८२ प्रतिनिधि सभाबाट पारित भएको छ। प्रतिनिधिसभाको आइतबारको बैठकमा विधेयक बहुमतले पारित भएको हो।

लामो समयदेखि प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा रहेको विधेयकमा जेठ २ शुक्रबार सहमति जुटेको थियो। सहमति जुटे पनि यसमा कुलिङ अफ पिरियड कति राख्ने भन्नेबारे ठूलो विवाद भएको थियो। सत्तारुढ दल नेपाली कांग्रेस २ वर्षको कुलिङ पिरियड राख्नुपर्ने पक्षमा थियो भने प्रधानमन्त्री केपी ओली र एमालेले यसमा सहमति जनाएको थिएन।

संघीय निजामती सेवा विधेयक संसदीय समितिबाट पास भएर आएको जस्ताको त्यस्तै पारित भएकाले अब कुनै पनि निजामती सेवाका कर्मचारी अवकाशपछि तत्कालै अर्को पदमा नियुक्त भएर जान सक्ने छैनन्।

पदमा छँदै नयाँ पदका लागि मोलमोलाइ गर्ने प्रवृत्ति निरुत्साहित गर्न संसदीय समितिले यो व्यवस्था थप गरेको हो, जसअनुसार अब सरकारी सेवाबाट अलग भएको २ वर्षपछि मात्र अर्को सरकारी पदका लागि योग्य मानिनेछ।

निजामती सेवामा १५ वटा तह कायम गरिएको छ। सबैभन्दा माथिल्लो तहको मुख्य सचिव पद १५ औं तहको मानिनेछ। १५औं तहमा संसद्को महासचिव, सर्वोच्चको मुख्य रजिस्ट्रार र मुख्यसचिव रहनेछन्।

उनले यो विधेयक असारमै माथिल्लो सदनबाट पारित भए साउनदेखि नै लागू हुने सुनाए। अब विधेयक राष्ट्रिय सभाबाट पास हुनुपर्छ। १५ दिनसम्म छलफल भई त्यहाँबाट आएपछि प्रतिनिधि सभामा आउँछ। अनि पास भएपछि राष्ट्रपतिबाट प्रमाणीकरण हुनेछ।

नेपाल सरकारको मुख्यसचिवको पदावधि ३ वर्षबाट घटाएर २ वर्षमा झारिएको छ। त्यस्तै सचिवको पदावधि ५ वर्षबाट घटाएर ४ वर्ष कायम गरिएको छ। त्यसभन्दा मुनिको पदमा पदावधिको हदका कारण कुनै पनि कर्मचारी अवकाश हुने छैन।

निजामती सेवाका कर्मचारीको उमेर हद ६० वर्ष कायम गरिएको छ। हाल ५८ वर्ष उमेर हद छ। अब प्रदेश र स्थानीय तहले पनि ६० वर्षकै मापदण्ड बनाएर कर्मचारीसम्बन्धी व्यवस्था गर्नुपर्नेछ।

### भूमि विधेयकमा गगन–विश्वप्रकाशको संशोधन प्रस्ताव :

# हदबन्दी छुटको जग्गा प्लटिङ गर्न नपाइने

**लुम्बिनी संवाददाता**

*बुटवल*

संसद्मा दर्ता भएको भूमिसम्बन्धी संशोधन विधेयकमा नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले संशोधन प्रस्ताव पेस गरेका छन्।

सरकारले संसद्मा पेस गरेको 'भूमिसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक' दफाहरूमा संशोधन हाल्दै उनीहरूले कृषि, चिया खेतीलगायत गर्ने भनेर हदबन्दी छुट लिएको जग्गा विकास तथा हाउजिङ गर्न नपाइने व्यवस्था प्रस्ताव गरेका हुन्।

यो संशोधन प्रस्ताव बहुचर्चित गिरी बन्धु टि स्टेटको जग्गा संग पनि सम्बन्धित छ। गगनले यसअघि संसदमै गिरीबन्धु टि स्टेट बारे छानवीन हुनुपर्ने माग गरेका थिए।



घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीलाई हदबन्दी भन्दा बढी जग्गा राख्न भूमि ऐन २०७६ सालमै भएको आठौं संशोधनले नै अनुमति दिएको थियो। तर, हदबन्दीमा छुट दिइएको तर हदबन्दी बढीको जग्गा बिक्री वितरण गर्ने अनुमति भने भूमि ऐनले दिएको थिएन।

यसअघि संसद्मा पेस भएको विधेयकमा 'घरजग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले सूचित आदेशले तोकेको हदभित्रको जग्गा प्रचलित कानुन बमोजिम जग्गा विकास गरी घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाई (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न सक्ने' व्यवस्था गरेको छ।

तर, त्यसरी घरजग्गा विकास गर्दा सामूहिक उपयोगका लागि छुट्याइएको जग्गा धितो बन्धक राख्न, बिक्री गर्न नपाउने व्यवस्था पनि विधेयकमा छ।

घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको मुख्य काम नै घरजग्गा विकास र बिक्री वितरण गर्ने हुने हुनाले त्यस्तोमा हदबन्दी भन्दा बढी जग्गा राख्न र बिक्री वितरण गर्न पाउनुपर्ने माग लामो समयदेखि व्यवसायीले गर्दै आएका थिए।

» *बाँकी ३ पेजमा*

## जोखिम क्षेत्रमा राति गाडी चलाउन नपाइने



बुटवल। बाढी पहिरोको जोखिम भएको ठाउँमा रातको समयमा सवारी साधन चलाउन नपाइने भएको छ। मौसम पूर्वानुमानअनुसार जोखिम रहेका सडकहरुमा सवारी सञ्चालन नगर्नू भनेको अवस्थामा सवारी चलेमा र केही भएमा त्यसको जिम्मेवार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी र अन्तिम चेकपोस्टको प्रहरी इञ्चार्ज हुने गरी निर्देशन पठाइसकिएको छ।

राष्ट्रिय विपद् व्यवस्थापन परिषद्ले विपद् जोखिमलाई ध्यान दिँदै यस्तो निर्णय गरेको हो। आइतबार शहरी विकास मन्त्रालयमा बसेको परिषद्को बैठकले केही दिन यता देशका धेरै स्थानमा भइरहेको वर्षापछिको सम्भावित जोखिमलाई ध्यान दिँदै यस्तो निर्णय गरेको हो।

परिषद्को बैठकलेभारी वर्षा भएको समय र क्षेत्र वरपर सुरक्षित रहन स्थानीयवासीलाई सूचना प्रवाह गर्ने, स्थानीय एफएम र सामाजिक सञ्जालमार्फत् मौसम बुलेटिन तथा सूचना प्रशारण गर्ने व्यवस्था मिलाउने र विपद् प्रभावित क्षेत्रमा रिपोटिङको तत्काल व्यवस्था मिलाई विपद् प्रभावितलाई तत्काल रेस्क्यु गर्न व्यवस्था मिलाउने निर्णय भएको छ।

कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले वर्षाको समयमा नागरिकको जीवन रक्षाका लागि आवश्यक पूर्वतयारीमा कुनै कमी नगर्न आग्रह गर्दै सरोकारवाला निकायलाई उच्च शतर्कता अपनाउन निर्देशन दिए।

बैठकमा गृह मन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सडक विभागकातर्फबाट भइरहेका पूर्वतयारीका बारेमा जानकारी गराइएको थियो।

सरोकारवाला सबै निकायलाई मौसम पूर्वानुमानलाई ध्यान दिँदै जोखिम रहेका ठाउँहरुमा पूर्वसूचना प्रभावकारी बनाउने र जोखिम आइहाले त्यसको सामना गर्नसक्ने गरी तयारी अवस्थामा बस्न भनेका छन्।

बैठकमा गृहमन्त्री रमेश लेखकले सम्भावित जोखिमलाई ध्यान दिँदै तीनवटै सुरक्षा निकाय अलर्टमा बसेको, सेना र निजी क्षेत्रका हेलिकप्टर समेत विपद्मा परिचालन गर्नुपर्ने अवस्थामा तयारी अवस्थामा रहेको बताए।

मुख्य सचिव एकनारायण अर्यालले मौसम पूर्वानुमान अहिले मिलिरहेको भन्दै त्यसलाई ध्याद दिएर सम्बन्धित निकायलाई सोहीअनुसार अलर्टमा राखिएको पनि दाबी गरे।

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**२०८१ सालको SEE परीक्षामा उत्तीर्ण समस्त विद्यार्थीहरुलाई हार्दिक बधाई**

लुम्बिनी प्रदेश नमुना यस नवीन औद्योगिक कदर बहादुर रीता मा.वि., देवीनगर, बुटवलमा शैक्षिक सत्र २०८२।०८३ का लागि विज्ञान, व्यवस्थापन (होटल व्यवस्थापन), सिभिल इन्जिनियरिङ्ग, कानुन र शिक्षा समूहको लागि कक्षा ११ मा भर्ना खुल्यो।

**हाम्रा विशेषताहरू:**

१) नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विज्ञान प्रवर्द्धन कार्यक्रममा छनौट भएको।
२) ब्रिटिश काउन्सिलबाट २०१७-२०२० र २०२१-२०२४ मा अन्तर्राष्ट्रिय स्कुल अवार्ड प्राप्त।
३) नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानवस्रोत विकास केन्द्र अनुसन्धान तथा गुणस्तर सुधार शाखाबाट असल शैक्षिक अभ्यास (GEP) मा नेपाल द्वितीय हुन सफल।
४) राष्ट्रिय सेवादलद्वारा आ.व. २०८२।०८३ मा सिनियर डिभिजनमा एनसिसिमा छनौट।
५) प्रत्येक वर्ष एसएलसी, टिएसएलसी, एसइइ र टिएसइइमा उत्कृष्ट नजिता दिन सफल।
६) प्रत्येक वर्ष एमबिबिएस, इन्जिनियरिङ्ग, वाम्स र कृषि तथा पशु विज्ञान अध्ययन संस्थान लगायतमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल।
७) २०८० मा नेपालको सबैभन्दा ठुलो एसइइ परीक्षा केन्द्र रुपन्देहीका ५८ वटा परीक्षा केन्द्रमा उत्कृष्ट परीक्षा केन्द्र छनौट।
८) देशका राजनेता, स्वदेश तथा विदेशका उच्च पदस्थ व्यक्तित्वहरुद्वारा अनुगमन तथा निरिक्षण।
९) विद्यार्थी संस्थाका अनुसारमा नेपालका सामुदायिक विद्यालयहरुमध्ये पाचौ ठुलो (५०००) विद्यार्थी भएको विद्यालय।
१०) विज्ञान विषय अध्ययन गर्ने छात्राहरुलाई प्रदेश सरकारबाट आकर्षक छात्रवृत्तिको व्यवस्था।

- **भर्ना फारम वितरण:** २०८२ आषाढ १५ गते विहान ७ बजेदेखि।
- **छात्रवृत्ति छनौट परीक्षा:** २०८२ आषाढ २० गते शुक्रवार विहान ८ बजे।
- **नतिजा प्रकाशन:** २०८२ आषाढ २० गते शुक्रबार २ बजे।
- **भर्ना प्रारम्भ:** २०८२ आषाढ १५ गते विहान ७ बजेदेखि।
- **पठनपाठन:** २०८२ साउन १ गतेदेखि।

२०८१ को एसइइमा ४ जीपिए सहित समग्रमा ९४ प्रतिशत विद्यार्थी उत्तीर्ण

२०८२ आषाढ २० गते २ बजेसम्म भर्ना हुनेलाई भर्नामा २५% छुटको व्यवस्था

विस्तृत जानकारीका लागि
**प्रेम बहादुर बस्नेत**
प्रधानाध्यापक (एवं)

**नवीन औद्योगिक कदर बहादुर रीता मा. वि.**
देवीनगर, बुटवल-११, रुपन्देही, फोन: ९८५७०३१६७८, ९८५७०४२४०९, ९८४७१३०१३१, ९८४९०५११५५, ९८४७०८६०७५, ९८५७०२०८२४, ९८५७०७५७३२

## सम्पादकीय

# एसईई नतिजाको सन्देश: अझैँ मिहिनेत गर

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८१ को नतिजामा ६१ दसमलव ८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् । नियमित परीक्षामा सहभागी भएका ४ लाख ३८ हजार ८९६ परीक्षार्थी र ग्रेड वृद्धितर्फ ६७ हजार ७१५ गरी जम्मा ४ लाख ९९ हजार १८३ विद्यार्थी सहभागी भएका थिए । गत वर्ष ४७ दशमलव ८७ प्रतिशत उत्तीर्ण भए । परीक्षामा सहभागी ५२ दशमलव ४२ प्रतिशत फेल भए । गत वर्षभन्दा १४ प्रतिशत बढी विद्यार्थी उत्तीर्ण भएकाले नतिजा सुधारमा सरकारले गरेको मिहिनेत काम लागेको छ । गत वर्ष आधाभन्दा धेरै विद्यार्थी फेल भएपछि प्रधानमन्त्री केपी ओलीले नतिजा सुधारका लागि मिहिनेत गर्न सरोकारवाला निकायलाई निर्देशन दिएका थिए । राज्यले शिक्षामा अर्बौं लगानी गर्ने, तर न्यून उत्तीर्ण हुनुको कारण खोज्न पटक-पटक प्रधानमन्त्रीले ध्यानाकर्षण गराएका थिए । प्रधानमन्त्रीले शिक्षा क्षेत्र सुधारमा लिएको पहलकदमी प्रशंसनीय छ ।

राज्य, निजी क्षेत्र र समुदायको लगानी र मिहिनेत जति भएको छ, त्यो अनुसार अझैँ नतिजा बढाउन आवश्यक छ । मुलुक संघीयतामा गएपछि तहगत सरकारको संयोजनामा पूर्वाधारमा लगानी बढेको छ । सुविधासम्पन्न प्रयोगशाला, कक्षा कोठा र पुस्तकालय बनेका छन् । विद्यालयमा शैक्षिक वातावरण तयार भएको छ । शैक्षिक जनशक्ति व्यवस्थापनमा भद्रगोल छ । शैक्षिक संस्थामा बढ्दो राजनीतिकरणले बहुआयामिक समस्या देखिएका छन् । अबको प्राथमिकता पूर्वाधार निर्माणमा मात्रै होइन् । पूर्वाधार व्यवस्थापन आधारभूत शर्त हो । शैक्षिक जनशक्ति जुन ढंगले भद्रगोल छ, त्यो व्यवस्थापन गर्न छिटो शिक्षा ऐन ल्याउन आवश्यक छ । लामो समयदेखि ऐन नआउँदा शिक्षकहरु अन्यौलमा छन् । निराश जनशक्तिले विद्यार्थीलाई कसरी पठनपाठन गराउन सक्छ ? विद्यार्थीले पढ्ने र शिक्षकले इमान्दारीपूर्वक पढाउने मात्रैले पनि नतिजा सुधार हुने होइन्, अहिले भइरहेको उत्तरपुस्तिका जाँच प्रणालीलाई सुधार गर्नुपर्छ । शिक्षकले उत्तरपुस्तिका जाँच गर्दा समयसीमाका कारण हतारमा जाच्ने प्रवृत्तिलाई न्यूनीकरण गर्न प्राथमिकता दिनुपर्छ ।

समुदायमा छोराछोरी पढाउनुपर्छ भन्ने चेतना बढेको छ । नेपालमा कक्षा १० को जाँच लिने व्यवस्थित प्रणालीको विकास भएयता शिक्षा क्षेत्रमा धेरै प्रगति भएको छ । दुःखका अनेक भारी बोकेर छोराछोरीलाई राम्रो विद्यालयमा पढाउनुपर्छ, उनीहरुको पढाइ नै महत्वपूर्ण हो भन्ने अभिभावकको चेतनाको विकास हुनु निकै महत्वपूर्ण छ । प्रविधिको प्रयोग गरी शैक्षिक गुणस्तर बढाउन सरकारको प्राथमिकता हुनुपर्छ । कक्षाकोठालाई प्रविधिमैत्री बनाउने र पाठ्यक्रमलाई समयसापेक्ष बनाउन पनि उत्तिकै आवश्यक छ ।

आगामी वर्ष अहिलेको उत्तीर्ण प्रतिशतलाई अझैँ बढाउन आवश्यक छ । त्यसका लागि तहगत सरकारको संयोजनमा विद्यालय शिक्षा सुधारको योजना अघि बढ्नुपर्छ । समस्या पहिचान गरी योजना बनाएर कार्यान्वयन गर्दा सकारात्मक नतिजा आउने आशा गर्न सकिन्छ ।

# सेयर बजार २६ अङ्कले बढ्यो



काठमाडौँ । साताको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा उत्साहजनक वृद्धि देखिएको छ । बजार परिसूचक २६.५३ अङ्कले बढेर २ हजार ६२२ दशमलव २८ को विन्दुमा पुगेर बन्द भएको छ । यो १.०२ प्रतिशतको वृद्धि हो ।

दिनभरको कारोबारमा बजार सकारात्मक देखिएको थियो । कुल २४८ कम्पनीका ३२८ वटा स्क्रिपको कारोबार भएकोमा १८५ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने ६३ वटा कम्पनीको सेयर मूल्य घटेको छ भने कुनै पनि कम्पनीको सेयर मूल्य भने स्थिर रहेन ।

बजार बढेसँगै कारोबार रकममा पनि राम्रो वृद्धि देखिएको छ । दिनभरमा ७४ हजार ७५२ पटकको कारोबारबाट कुल १ करोड ६६ लाख ४३ हजार ११४ कित्ता सेयर किनबेच हुँदा ७ अर्ब १२ करोड १७ लाख रुपैयाँ बराबरको कारोबार भएको छ ।

बढ्दो बजारसँगै बजारमा उत्पादनमूलक बाहेक सबै परिसूचकमा वृद्धि देखिएको छ । सबैभन्दा धेरै वृद्धि बैंकिङ क्षेत्रमा २ प्रतिशत बराबर रहेको छ । कारोबार रकमका आधारमा साहस ऊर्जा सबैभन्दा अगाडि रह्यो । कम्पनी एक्लैको ५७ करोड ८६ लाखभन्दा बढीको सेयर कारोबार भयो । त्यसपछि क्रमशः बीपीसीएल र युनिभर्सल पावर कम्पनी कारोबार रकमका आधारमा शीर्ष स्थानमा रहे ।

बजारमा सप्तकोशी विकास बैंकका लगानीकर्ताले सबैभन्दा धेरै कमाएका छन् । उक्त कम्पनीको सेयर मूल्यमा ९.९९ प्रतिशतको सकारात्मक सर्किट लागेको छ ।

त्यसैगरी विन्धवासीनी हाइड्रोपावरका लगानीकर्ताले ८.९७ प्रतिशत कमाएका छन् । सबैभन्दा धेरै गिरावट जोशी हाइड्रोपावर कम्पनीको ५.५७ प्रतिशतले भएको छ । आजको कारोबारसँग समग्र बजारको पुँजीकरण बढेर ४३ खर्ब ६९ अर्ब रुपैयाँ पुगेको छ ।

# नाइके बन्न सधैँ लहडिएको अमेरिका अब ओरालोतिर



झपेन्द्र जिसी

सन् १४९२ सम्म गुमनाम रहेको अमेरिका सन् १४९२ मा फ्रिस्टोफर कोलवसले विश्व मञ्चमा सार्वजनिक गरेका हुन् । यसपछि युएसए (अमेरिका) सन् १७७९ सम्म त जीवी (ग्रेटब्रिटेन) को गुलाम अर्थात् उपनिवेश रहयो । त्यही गुलाम देशभित्र रहेको अथाह प्राकृतिक साधन स्रोतलाई समुचित परिचालन गरेर मात्र होइन त्यहाँ रहेका काला जाति (निग्रोहरु)को श्रमशोषण गरेर ऊ धनी बन्दै गयो । देश मात्र धनी बनेन केही मुठ्ठीभरका पुराना सामन्तहरु पुँजीपति बने र उनीहरुले मजदूरहरुको गर्नुसम्म शोषण गरे ।

हिजो बेलायतको गुलाम त्यही देशले आफ्ना देशका श्रमिक जनतालाई मात्र होइन, उत्पादित माल सामानको (तयारी) माल सामान लिएर आफ्नो पुरानो शोषक मालिक बेलायतको सिको गरेर विश्व बजारमा निस्क्यो ।

पुँजीवादी प्रतिस्पर्धामा पुँजीवादी देशहरु बेलायत, फ्रान्स, जर्मनी, जापान सबैलाई उछिनेर उसले विश्व बजारमा एकाधिकार/ साम्राज्य कायम गऱ्यो ।

एसियाको सबैभन्दा धनी देश औद्योगिक देश वा एसियाको बेलायत भनेर चिनिने देश जापानमा लिटिल व्वाइ र फयाट मेन नामका हाइड्रोजन बम प्रहार गरेर ती भूभागलाई मरुभूमिकरण गऱ्यो । यसरी अघि बढिरहेको अमेरिकासँग प्रतिस्पर्धा गर्न रुस र पूर्वी युरोपका देशहरु अस्तित्वमा आए ।

रुसले १९१७/२२ अप्रिलमा समाजवादी क्रान्ति गरेर १५ देशहरुको समाजवादी क्याम्प सोभियत संघ निर्माण गऱ्यो । यसरी युद्धहरु अघि बढ्ने क्रममा विश्वमा आतंकको सन्त्रास फैलियो ।

यसै क्रममा रुसले आफ्नै बल र बुतामा अन्तरिक्षा लाइका नामक कुकुर पठाएर कमाल गऱ्यो । पछि त वैज्ञानिक युरि गागरिन अन्तरिक्षमा पठाएर सुरक्षित तरिकाले अवतरण गराउन सफल भयो ।

पुँजीवादी क्याम्पको नेतृत्व अमेरिकाले र समाजवादी क्याम्पको नेतृत्व रुसले गर्दै अघि बढ्ने क्रम जारी रह्यो ।

स्मरण रहोस् सन् १९४९ मा माओको नेतत्वमा चीनमा जनवादी क्रान्ति सम्पन्न भयो । यसरी नै पुँजीवादी क्याम्पतिर रहे पनि विश्वमा फ्रान्सले प्रजातान्त्रिक क्रान्ति सम्पन्न गरेर विश्वलाई देखाइसकेको थियो ।

सन् १८४८ मा कालमार्क्स र एंगेल्सको सहप्रयासबाट मार्क्सवादी दर्शन सार्वजनिक भएपछि पुँजीवादीहरु एकातर्फ संगठित हुन थालेका हुन् भने अर्कोतर्फ समाजवादीहरु पनि संगठिन हुन थालेका हुन् ।

समाजवादीहरु वैचारिक रुपमा मात्र संगठित हुन सके भने पुँजीवादीहरु त संरचनात्मक रुपमै संगठित भए ।

पूँजीवादीहरु संगठनमा दिगो छन् । तर समाजवादीहरु छैनन् ।

जे होस् यसै क्रममा कोरिया, भियतनाम र पूर्वी युरोपमा समाजवादी क्रान्ति सम्पन्न भए । तर शान्ति प्रजातन्त्र र मानव अधिकारको वहालीको नाममा कोरियालाई र भियतनामलाई पुँजीवादीहरुले विभाजन गरे । काका हुको नेतृत्वमा भियतनामी वीरहरुले धेरै वर्ष लडेर आफ्नो देशलाई एकीकरण गरिछाडे भने उत्तर कोरिया र दक्षिण कोरिया एकीकरण हुन बाँकी नै छ ।

चीनको जनवादी क्रान्तिको अवधिमा साम्राज्यवादीहरुको मतियार बनेको च्याङकाइशेक मूलभूमि चीनबाट भागेर चीनकै सार्वभौम भूमि ताइवन टापुमा गई बसोबास गऱ्यो ।

जनवादी चीनको अभिन्न अंग ताइवान हो भनेर अमेरिका लगायत पुँजीवादी दुष्टहरुले स्वीकारे पनि चीनबाट ताइवानलाई अलग गराउने दाउ हेरिरहेका छन् । यस्तै अफ्रिकी मुलुक निकारगुवालाई अस्तव्यस्त गराए । कर्णेल गफीलाई सत्ताच्यूत गरिछाडे ।

इराकले परमाणु बम बनाएको छ भन्ने आरोप लगाएर इराकको अनुगमन गरे, परमाणु शस्त्र छैन भनी संयुक्त राष्ट्र संघलाई प्रतिवेदन पेश गरे पनि इराकका आक्रमण गरी निर्दोष राष्ट्रपति सद्दाम हुसेनको ज्यान लिए ।

आफ्नो हित भलो र सुरक्षाका लागि ओसामा विनलादेनलाई अमेरिकाले हुर्कायो बढायो । पछि आतंककारी करार गरी ओसामा विनलादेनको ज्यान लियो ।

विश्वभर छरिएर रहेका यहुदीहरुलाई पश्चिम युरोप समेत पुँजीवादी राष्ट्र र अमेरिकाले स्वतन्त्र सार्वभौम प्यालेस्टाइन भूमि-राष्ट्रमा लगी बसोबास गराए । सन् १९४६-४८ मा प्यालेस्टाइन भूमिमा इजरायल राष्ट्र र राज्यको जन्म दिए । तदुपरान्त प्यालेस्टाइनी मुस्लिमहरुलाई भुट्न अमेरिका र पश्चिम युरोपेली राष्ट्रले इजरायललाई अस्त्रशस्त्र साधन स्रोत उपलब्ध गराएर एक लाख होइन दुई लाख होइन लाखौं प्यालेस्टाइनहरुको हत्या गरिरहेका छन् र अमेरिका र पश्चिममा पुँजीवादीहरु सिधै हत्यारा अपराधी हुन् तर उल्टै प्रचार गरिरहेका छन् । उग्रवादी प्यालेस्टाइनी भनेर प्रचार गरिरहेका छन् । देशविहीन भएपछि स्वराज्यको लागि लड्नु कहाँको उग्रवाद हो ? हमाज सरकारका नेताहरु कसरी उग्रवादी हुन् ? अहिले उग्रवादी हमाजका फलानाको हत्या भयो । पनि यति जना प्यालेस्टाइनी मारिए भनेर दुःखद खबर सुन्न परिरहेको छ ।

डेढ दुई हप्ता भयो । इजरायलले दुई हजार किलोमिटर टाढा रहेको इरानमाथि मिसाइल प्रहार गऱ्यो । यो युद्धमा निरापराधी एवम् निर्दोष इरानको पक्षपोषण गर्नुको सट्टा विश्वमै आफूलाई ठूल्दाइ ठान्ने अमेरिकाले इरानले युद्ध नरोके आक्रमण गर्ने चेतावनी मात्र दिएन अमेरिका स्वयं आक्रमणमा उत्रियो । निर्दोष इरान पनि कति सहेर बस्ने भनेर युद्धलाई जारी राख्यो । इरानले पनि इजरायलतिर बम प्रहार गरिरह्यो । इजरायलको निश्चित हार हुने भएपछि अमेरिका फेरि नाटे फुर्के बनेर दुवै देशले युद्ध रोक, युद्ध गर्नु हुँदैन भनेर आफ्नो बागो मुखले भन्यो । दुवै देशको युद्ध रोकेको नाटक गऱ्यो ।

संसारभरि अमेरिकी नेतृत्वको पुँजीवादी क्याम्पले मानव अधिकार, प्रजातन्त्र र शान्ति र विकासको नारा लगाएर हत्या गरिरहेको छ ।

यसबाट प्रष्ट हुन्छ-अमेरिका यससित सम्बद्ध राष्ट्रहरु सारतःआतंककारी हुन्, हत्यारा हुन्, प्रजातन्त्र विरोधी हुन्, शान्ति विरोधी हुन् । मानवधिकार विरोधी हुन् । विश्व जनमतले यो कुरा बुझिरहेको छ । तर बम र मिसाइलले बोल्ने पुँजीवादी क्याम्पलाई सटीक जवाफ कसरी दिने ? कसले दिने ? बम र मिसाइल प्रयोग गर्न थाले शान्तिवादीलाई पुनः आतंककारीकै दर्जा नि दिइने छ । यो ठूलो मनोवैज्ञानिक समस्या र चुनौती हो ।

अन्ततः यस्ता आतंककारी राष्ट्रहरुले विकास, शान्ति, प्रजातन्त्र र मानवअधिकार सुदृढीकरणको नाममा उपलब्धि गराउने कुनै पनि अनुदान वा ऋण बहिष्कार गर्न जरुरी छ ।

# गुणस्तरीय स्वास्थ्य सेवाका लागि प्रतिबद्धता जनाउँदै बुटवल

छायाँ पन्थ

*बुटवल*

व्यक्ति स्वस्थ भए मात्रै नगर र सिंगो समाज स्वस्थ हुनसक्छ भन्दै रुपन्देहीको बुटवल उप-महानगरपालिकाले स्वास्थ्य क्षेत्रको विकासमा जोड दिन थालेको छ । उपमहानगरले पछिल्लो समय नगरका विभिन्न क्षेत्रमा स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमलाई अघि बढाएको कुरा विभिन्न सभा समारोह र कार्यक्रमहरुमा नगर प्रमुख खेलराज पाण्डेले बताउँदै आएका छन् ।

नगरमा भएका भौतिक विकासलाई मात्रै विकास मान्ने परिपाटीको विकास भैरहेको समयमा मानवीय विकास बिना विकास पूर्ण नहुने भन्दै उपमहानगर मानवीय विकासमा केन्द्रित हुन थालेको हो । यो विषय विभिन्न कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिकका लागि २०८० माघदेखि बुटवल उपमहानगरपालिकाले ज्येष्ठ नागरिक र फरक क्षमता भएका व्यक्तिको घरदैलोमा पुगेर स्वास्थ्य परीक्षणका लागि बाआमासँग नगरप्रमुख निःशुल्क स्वास्थ्य परीक्षण र उपचार' कार्यक्रम सुरु गरेको थियो ।

बुटवल-१२ तामनगर प्रगति टोलकी एक सय १० वर्षीया ऐरावती बरईको स्वास्थ्य परीक्षण गरेर कार्यक्रमको सुरुवात गरिएको थियो । बरईको घरमै पुगेर नगरप्रमुख पाण्डेयले फलफूल र स्वास्थ्यवर्धक सामग्री दिएर अभियानको सुरुवात गरेका थिए । ज्येष्ठ नागरिक बरईको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका वरिष्ठ फिजिसियन डा. नन्दु पाठकले स्वास्थ्य परीक्षण गरेका थिए । नगर प्रमुख पाण्डेले घरबाहिर निस्किन नसक्ने र फरक क्षमता भएका व्यक्तिका लागि सहज होस् भन्ने उद्देश्यले विशेषज्ञसहितको सेवा घरदैलोमा पुऱ्याउन थालेको सो अवसरमा बताएका थिए ।

उपमहानगरका १९ वटै वडामा सञ्चालन भएको अभियानमा करिब २६०० ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरिएको थियो । सोही अवसरमै ३०० जनाको भिडियो एक्स रे पनि गरिएको थियो । तामझामका साथ सुरु गरिएको कार्यक्रममा घरघरमा पुगेर गरिएको स्वास्थ्य परीक्षण कार्यक्रमबाट शारीरिक अवस्थाका कारणले अस्पतालसम्म पुग्न नसक्ने ज्येष्ठ नागरिकको लागि यो निकै प्रभावकारी भएको बुटवल वडा नम्बर १२ नयाँगाउँकी ८७ वर्षीया मुनिकला ज्ञवालीले बताइन् ।

बाआमासँग नगरप्रमुख निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रमको अभियानका क्रममा प्रयोगशालामा गरिने आवश्यक परीक्षण र औषधिसमेत निःशुल्क दिइएको थियो । ६० वर्षदेखि मथिका सबैलाई शिविरमा र ७० वर्ष देखिका नागरिकलाई घरघरमै पुगेर स्वास्थ परीक्षण गरिएको र यसबाट नगरका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको थियो ।

उपमहानगरले गुणस्तरीय स्वास्थ्य सेवाका लागि ज्येष्ठ नागरिक मात्र नभएर बालबालिका, किशोर किशोरी, अपांगता भएका व्यक्ति, सुत्केरी विभिन्न प्रकारका रोगलगायत विभिन्न उमेर समूहका व्यक्तिहरुको स्वास्थ्यप्रति संवेदनशील र सजग भएको छ । बुटवल उपमहानगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूलाई पनि घरदैलोमै पुगेर स्वास्थ्य सेवा उपलब्ध गराउन सुरु गरेको थियो ।

यो कार्यक्रम हालसम्म निरन्तर सञ्चालन भइरहेको छ । उपमहानगरका १९ वटै वडामा रहेका अपाङ्गता भएकाहरूको लगत संकलन गरी उनीहरूको अवस्थाको विश्लेषण गरेर प्राथमिकताका आधारमा घरदैलो अभियान सुरू गरिएको थियो । यसबाट उप-महानगरका १९ वटै वडामा रहेका सबै प्रकारका अपांगता भएका नागरिक लाभान्वित भएका छन् ।

शारीरिकरूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई सामान्य स्वास्थ्य समस्या देखिए पनि अस्पतालसम्म लैजान गाह्रो हुने भएपछि परिवारले उनीहरूको स्वास्थ्यप्रति वेवास्ता गर्ने समस्यालाई मध्यनजर गर्दै उप-महानगरपालिकाले यो कार्यक्रम सुरु गरेको हो ।

नगरमा हालसम्म करिब १ हजारको संख्यामा विभिन्न प्रकारका अपांगता भएका व्यक्तिहरु रहेका छन् । उनीहरुको कार्ड, आवश्यकता र मागका आधारमा उनीहरूलाई विभिन्न प्रकारका सामग्रीहरु प्रदान गरिएको उप-महानगरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले बताइन् । उपप्रमुख अर्याल भन्छिन्- 'यो कार्यक्रमबाट उप-महानगरका अपांगता भएका नागरिकलाई सहज भएको छ । शारीरिक अवस्थाका कारण अस्पतालसम्म जान नसक्ने उहाँहरुलाई मेरो नेतृत्वमा आवश्यक सामग्री घरदैलोमै पुगेर दिन्छौं ।' उपप्रमुख अर्यालका अनुसार अपांगता भएका नागरिकका अविभावकहरुका लागि सचेतनामूलक कार्यक्रमसमेत प्रदान गरिएको छ । अब भने उनीहरूका अभिभावकका लागि छिट्टै तालिमसमेत दिने उप-प्रमुख अर्याल बताउँछिन् । उपमहानगरका १९ वटै वडामा यो कार्यक्रम निरन्तर चलिरहेको छ ।

बुटवललाई स्वास्थ्य क्षेत्रमा अब्बल बनाउन रगतको अभाव हुन नदिन निःशुल्क रगत अभियान सञ्चालन गरिएको छ । सबैभन्दा बढी महत्त्वपूर्ण यो रगतलाई बुटवलले निशुल्क उपलब्ध गराउँदै आएको छ । नगरबासीलाई स्वास्थ्य समस्याको कारण रगत तथा रक्तजन्य पदार्थको आवश्यकतालाई उपलब्ध गराउन नेपाल रेडक्रस सोसाइटी ब्लड बैंक बुटवल शाखासँग निःशुल्क उपलब्ध गराउन सम्झौता गरि नगरबासीलाई निः शुल्क रगत उपलब्ध गराएको छ । हालसम्म उपमहानगरले ८ सय ७८ जनालाई निः शुल्क रगत उपलब्ध गराएको र यसबाट उपमहानगरका बासिन्दा लाभान्वित भएका छन् ।

यसैगरी एचआइभी संक्रमित १८ वर्ष मुनिका बालबालिकालाई पोषण खर्चस्वरुप मासिक रु ३०००/- प्रदान गर्ने महत्त्वपूर्ण काम भएको छ । हालसम्म ४ जना एच आई भि संक्रमित ४ जना बालबालिकाले मासिकरुपमा रकम प्राप्त गरिरहेको नगरको स्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेले बताए ।

यस्तै नगर प्रमुख स्वास्थ्य शिशु पोषण कार्यक्रमअन्तर्गत मातृ मृत्यु र शिशु मृत्यु दर कम गर्न स्वास्थ्य संस्थामा प्रसूति सेवालाई बढावा दिनका लागि सुत्केरी आमाहरुलाई रु २०००/- रकम सुत्केरीपछि वडा तहबाटै दिने गरिएको छ । यस कार्यक्रमबाट नगरका ७ सय जनाले यो सुविधा पाएको उपमहानगर स्वास्थ्य शाखाले जनाएको छ । यो कार्यक्रमले उपमहानगरका आर्थिक अवस्था कमजोर भएका सुत्केरी आमाहरु लाभान्वित भएका छन् । वडा नम्बर ११ र १२ का स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा सुरु गरिएको छ । यस्तै गर्भवती आमाको स्वास्थ्य सेवालाई ध्यानमा राखी निरन्तर युसजी सेवा प्रदान गरिएको नगरले जनाएको छ । गर्भवती महिलाहरुलाई नै लक्षित गरी निःशुल्क प्रयोगशाला सेवासमेत प्रदान गर्ने गरिएको छ ।

बुटवलमा सबैभन्दा बढी प्रभाव पारेको क्षयरोगलाई न्यूनीकरणका लागि क्षयरोग मुक्त पालिका अभियान सुरु गरिएको र यसका लागि विभिन्न कार्यक्रम गरिएको छ । यसका लागि विपन्न तथा अति आवश्यक कुपोषित क्षयरोगका बिरामीहरुलाई पोषण सामग्री वितरण गरिएको छ । यस कार्यक्रमबाट हालसम्म ६ सय ६९ जना लाभान्वित भएका छन् । यस्तै स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नतिसम्बन्धि मापदण्ड २०८० बनाएर स्वास्थ्य संस्था दर्ता, नवीकरणको कार्य अगाडि बढिरहेकोले मापदण्ड पुगेका करिब ६० वटा स्वास्थ्य संस्थालाई अनुमती प्रमाणपत्र प्रदान गरिएको छ । यसबाट स्वास्थ्य संस्थाहरुले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् ।

यता बाआमासँग नगर प्रमुख स्वास्थ्य परीक्षण उपचार कार्यक्रममार्फत् बुटवल उप-महानगरपालिकाका करिब २६ सय जना ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ । बुटवल उप-महानगरपालिकालाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त पालिका घोषणा गरेको छ । शहरी स्वास्थ्य केन्द्र ३ लाई किशोर किशोरीमैत्री स्वास्थ्य प्रमाणीकरण गरिएको, विपन्न नागरिकलाई सिफारिस हुने दीर्घ रोग भएका बिरामीलाई रु १७ हजार रकम भुक्तानी दिने गरिएको छ ।

बुटवल उप-महानगरपालिकाअन्तर्गत नगरका स्वास्थ्य केन्द्रहरु १८ वटा वडामा सञ्चालनमा छन् । पारामेडिक , नर्सिङ, आयुर्वेदिक र ल्याब सेवालगायतका करिब ६५ जना स्वास्थ्यकर्मीबाट स्वास्थ्य सेवा दैनिकरुपमा प्रदान भैरहेको स्वास्थ्य शाखाले जनाएको छ ।

नगरप्रमुख खेलराज पाण्डेले उप-महानगरले गर्ने स्वास्थ्यसँग सम्बन्धित सबै कार्यक्रम निरन्तररुपमा भैरहेको जनाए । नगरप्रमुख पाण्डे भन्छन्-'उपमहानगरका जति पनि महत्वपूर्ण कार्यक्रमहरु छन्, तिनीहरूका लागि आवश्यक कानुन नै बनाएर कार्यक्रम गरिरहेका छौं । यसबाट उपमहानगरका नागरिकहरु लाभान्वित भएका छन् ।' नागरिकको स्वास्थ्य अधिकारलाई प्राथमिकतामा राखेर नीति निर्माण, योजना तर्जुमा र बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रयास भैरहेको उपमहानगरको दावी छ । (सञ्चारिका फिचर)

# वियोगीको कथासंग्रह 'सत्यम्' को विमोचन

स्याङ्जा । लेखक तथा पत्रकार लक्ष्मण वियोगीको कथासंग्रह 'सत्यम्' को वालिङ, मिर्दीमा विमोचन तथा विमर्श गरिएको छ । स्याङ्जा साहित्य प्रतिष्ठानले आयोजना गरेको एक कार्यक्रमका बीच 'सत्यम' नामक कथासंग्रह कृतिको विमोचन गरिएको हो । कथासंग्रह 'सत्यम' नामक पुस्तकको पूर्व कृषि मन्त्री तथा साहित्यकार त्रिलोचन ढकाल, समालोचक डा.अशोक थापा, समिक्षकद्धय शान्ता थापा र शम्भु अर्याल, स्याङ्जा साहित्य प्रतिष्ठानका अध्यक्ष कुमार राना, लेखकले संयुक्तरुपमा गृहजिल्ला स्याङ्जामा कृतिको अनावरण गरेका थिए ।

कार्यक्रममा पूर्व कृषि मन्त्री ढकालले साहित्य कल्पना र यथार्थताको संयोजन भएको विषयको पक्ष 'सत्यम्' मा पाइन्छ,' उनले भने-'वियोगीका कथामा २०५२ सालदेखि २०६२ सालसम्मको माओवादी द्वन्द्वको परिवेश पनि समेटिएको छ ।' गाउँदेखि शहरसम्मका विषयलाई समेटेर कथामा उतारिएको उक्त पुस्तक भोलीका दिनमा एक एतिहासिक झलक दिने ढकालले बताए ।

समाचोलक डा. थापाले पत्रकारिता पेशामा रहेका वियोगीले समाचार तथा फिचरमा लेख्न नमिलेका र लेख्न नसकेका विषयसमेत उनको कथाकृतिमा झल्किने गरी उतारेको बताए । असत्यले सत्यलाई छायाँमा पारेको यो समाजको वर्गीय पीडा र यथार्थ सत्य उत्घाटित गर्नु कथाकृति सत्यम्को विशेषता रहेको उनको भनाइ थियो । पारिवारिक विखण्डन, वैदेशिक रोजगारी र त्यसले समाजमा पारेको असरजस्ता विषयसमेत सत्यम्ले उठाएको उनले जनाए । तथ्यपरक विषय गणित पढेको, तथ्यमै आधारित पेशा पत्रकारिता अँगालेका वियोगीले बाङ्गोटिङ्गो भावपरक विधा साहित्य लेख्नु आफैंमा रोचक विषय भएको विवेचना उनले गरेका थिए ।

कृतिको समीक्षा गर्दै समीक्षक तथा आँधीखोला रेडियोकी अध्यक्ष शान्ता थापाले सत्यम् स्याङ्जाको मौलिक संस्कृति समेटिएको कृति रहेको बताइन् । कृति पठनको क्रममा आफू धेरै पटक भावुक भएको पनि उनको भनाइ थियो । अर्का समीक्षक तथा निबन्धकार अर्यालले समाज र परिवेशका अति सुक्ष्म विषय लाई कृतिले उधिनेर निकालेको बताए । कथामा स्याङ्जाली भूगोलको मौलिकता अत्यन्त मार्मिक ढंगले प्रस्तुत गरिएको पनि उनले बताए । कथाकार वियोगीले कृति रचनाको पृष्ठभूमिका विषयमा बोलेका थिए । 'म कथाकार वा लेखक बनुँला/नबनुँला,' उनले भने-'सबैभन्दा ठूलो कुरा धेरैले मलाई सहयोग गर्नुभयो र त्यही दिशानिर्देशले नै आज यो ठाउँमा छु, म सबैप्रति आभारी छु । मैले सत्यम्लाई होइन, सत्यम्ले मलाई चिनाइदिए पुग्छ ।'

कार्यक्रमको समापन गर्दै प्रतिष्ठानका अध्यक्ष रानाले वियोगीले कथामार्फत् आफ्नो जन्मभूमि र यहाँको मौलिकतालाई थप उजागर गरेको बताए । साहित्य क्षेत्रमा कथाका अलावा निबन्ध, नियात्रा, कविता तथा गीतमा समेत कलम चलाउँदै आएका वियोगीको यो पहिलो कथा-कृति हो । समालोचकहरूले भने जस्तै कथा-कृतिमा वियोगीले विशेषतः पश्चिम नेपाल अर्थात् गण्डकी पानी ढलो, त्यसमा पनि स्याङ्जा जिल्लाभित्र प्रचलित भाषिक सौन्दर्यका तथा माओवादी द्वन्द्वको पृष्ठभूमिमा सिर्जित नेपाली समाजका अनेक पाटालाई उत्खनन् गरेका छन् ।यथार्थवादी धारका कथाहरूमा सामाजिक विभेद, असमानता तथा जनयुद्धका त्रासदी समेटिएका छन् । बालवयका स्वरलहरीमा मिसिएर आएका अनेक लोकभाकाका मुर्च्छना र लोक-संस्कृतिको सुगन्ध पनि पाइने कार्यक्रममा चर्चा गरियो । स्याङ्जाको टाकुरामा टेकेर उडेका भावना मध्यपश्चिम, सुदूरपश्चिम र पूर्वतिरसमेत डुल्न भ्याएका छन् । कथामा पर्यावरणीय चेत र वस्तुवादी धारसमेत पाइन्छ ।

'सत्यम्' को गृहविमोचन तथा विमर्श एवम् बृहत् सिर्जना वाचन समारोह नाम दिइएको कार्यक्रममा २५ जना कविहरूले सिर्जना वाचन गरेका थिए । करिब २ दशकदेखि पत्रकारितामा सक्रिय वियोगीसँग विगतमा नेपाल समाचारपत्र, नागरिक दैनिकलगायत विभिन्न दैनिक तथा साप्ताहिक पत्रिकामा काम गरेको अनुभव छ । हाल उनी नेपालको पहिलो ऊर्जासम्बन्धी अनलाइन तथा अर्धवार्षिक पत्रिका 'ऊर्जा खबर'को सम्पादकको जिम्मेवारीमा छन् । साहित्य लेखनमा विशेष रुची राख्ने वियोगी विशेषतः कथा र निबन्ध विधामा कलम चलाउँछन् ।

'कविडाँडा राष्ट्रिय निबन्ध प्रतियोगिता २०७८' मा उनको निबन्ध 'कोरोनाको कर्खा' प्रथम भएको थियो । त्यस्तै, 'डिसहोम बाह्रखरी राष्ट्रव्यापी खुला कथा प्रतियोगिता'को पहिलो संस्करणमा उनको 'टाउको' शीर्षकको कथा दोस्रो भएको थियो । यो कथा पनि संग्रहमा समावेश भएको उनले बताए । उनका शब्द सिर्जनामा करिब एक दर्जन जति आधुनिक तथा लोक-आधुनिक गीत रेकर्ड भएका छन् । पेज टर्नर प्रालिले प्रकाशन गरेको १५ कथा संग्रहित कृतिको बजार मूल्य ४५५ रुपैयाँ रहेको छ । यस प्रकाशनले अहिलेसम्म करिब ३ दर्जन साहित्यिक कृति प्रकाशन गरिसकेका छन् । विमोचन कार्यक्रमको सहजीकरण कवि मिलन समिरले गरेका थिए । जिल्लाभित्रका साहित्यकर्मीहरुको कार्यक्रममा बाक्लो सहभागिता रहेको थियो ।

---

**हदबन्दी...**

सरकारले त्यही माग सम्बोधन गर्न भूमि ऐनलाई अध्यादेशमार्फत् संशोधन गरेकोमा त्यो संसद्बाट पारित हुन सकेन । त्यसपछि सोही अध्यादेशलाई सरकारले विधेयकका रूपमा संसदमा पेस गरेको हो ।

यसअघि नै घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाममा रहेको हदबन्दी माथिको जग्गामा घडेरी वा घर निर्माण गरी बिक्री गर्न सक्ने व्यवस्था पनि ऐनको १२ (छ) को उपदफा ४ मा लेखिएको छ ।

दुई महामन्त्रीले यो प्रतिबन्धात्मक वाक्यांशमा संशोधन हाल्दै कृषि फार्म, चिया उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनका लागि अनुमति लिएको हदबन्दी छुट लिएको जग्गा प्लटिङ गर्न, घर वा अपार्टमेन्ट बनाउन नपाउने व्यवस्था प्रस्ताव गरेका हुन् ।

तर, यो उपदफामा प्रतिबन्धात्मक व्याक्यांश राख्दै 'घरजग्गा व्यवसाय बाहेक अन्य प्रयोजनका लागि प्राप्त गरेको वा स्वीकृति लिएको जग्गा यस उपदफा बमोजिम बेचबिखन गर्न पाइने छैन' भनिएको छ ।

दुई महामन्त्रीले यो प्रतिबन्धात्मक वाक्यांशमा संशोधन हाल्दै कृषि फार्म, चिया उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनका लागि अनुमति लिएको हदबन्दी छुट लिएको जग्गा प्लटिङ गर्न, घर वा अपार्टमेन्ट बनाउन नपाउने व्यवस्था प्रस्ताव गरेका हुन् ।

'तर प्रचलित कानुन बमोजिम हदबन्दीको छुट लिँदा कुनै कृषि फार्म, चिया उद्योगजस्ता व्यावसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनका लागि भनी छुट लिएको वा स्वीकृति लिएको जग्गा सोही प्रयोजनका लागि तोकिएको सर्त बमोजिम उपयोग नगरी खाली (बाँझो राखेको वा फरक प्रयोजनमा प्रयोग गरेको वा पछि घरजग्गा व्यवसायको कम्पनी खडा गरी सो कम्पनीको नामबाट उक्त जग्गामा घरजग्गा व्यवसाय गरेको वा त्यस्तो व्यवसाय गर्न स्वीकृति लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पनि पहिले कृषि, उद्योग लगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृति लिएको सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी यस दफा बमोजिम बेचबिखन गर्न पाइने छैन ।'- उनीहरूले हालेको संशोधन प्रस्तावमा उल्लेख छ ।

भूमि ऐनमा यसअघि २०७६ सालमा गरिएको संशोधनले भूमि ऐनमा दफा ५२ (ख) थप गरी भूमिहीन सुकम्बासीलाई एक पटकका लागि उनीहरूले आवाद कमोत गर्दै आएको जग्गा वा नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य कुनै सरकारी जग्गा उपलब्ध गराउने भन्ने व्यवस्था गरिएको थियो ।

सोही दफाको उपदफा ४ मा यसरी जग्गा उपलब्ध गराउँदा कस्तो-कस्तो जग्गा उपलब्ध नगराउने भन्ने व्यवस्था थियो । यो उपदफामा विधेयकले संशोधन गरेको छ । विधेयकमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा २०६६ सालअघि नै सुकम्बासी वा अव्यवस्थित बसोवासीले कब्जा गरेको रहेछ भने त्यस्तो जग्गा भने भूमिहीन दलित, सुकम्वासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ ।

देशभरका विभिन्न शहर तथा ग्रामीण क्षेत्रमा हाटबजारका जग्गा हुने गर्छन्, जुन प्रायः शहर बीचमा नै हुने गर्छन् । त्यस्तो जग्गा कब्जा गरेर बस्नेहरूलाई हटाउनुपर्नेमा पुरस्कृत गर्ने व्यवस्था यो संशोधनमा परेको छ ।

अर्कातिर, यो दफा अव्यवस्थित बसोबासीसँग सम्बन्धित नभएर सुकुम्वासी र भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउनेसँग सम्बन्धित छ । तर, हाटबजार र गौचरको जग्गा अव्यवस्थित बसोवासीलाई समेत उपलब्ध गराउन सक्ने व्यवस्था गरेर यहाँ गम्भीर त्रुटि छ ।

महामन्त्रीद्वयको संशोधन पारित भयो भने शहरको बिचमा सार्वजनिक जग्गा कब्जा गरेर बस्ने अव्यवस्थित बसोवासीले त्यो जग्गाको लालपुर्जा पाउने छैनन् ।

कांग्रेस महामन्त्रीद्वयले यो त्रुटि सच्याउने गरी संशोधन प्रस्ताव पेस गरेका छन् । उनीहरूले पेस गरेको संशोधनमा यो खण्डमा उल्लिखित व्यवस्था 'एक पटकका लागि' लागु हुने उल्लेख छ भने यो खण्डबाट 'अव्यवस्थित बसोवासी' भन्ने शब्द हटाउने प्रस्ताव गरिएको छ ।

त्यतिमात्र होइन, विधेयकले अव्यवस्थित बसोवासीलाई उसको आर्थिक अवस्था तथा अन्यत्र जग्गा भए/नभएको यकिन नै नगरी जग्गा उपलब्ध गराउने व्यवस्था गरेकोमा महामन्त्रीहरूले त्यसमा पनि संशोधन प्रस्ताव गरेका छन् ।

यसअघि 'अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा निजको आर्थिक अवस्था, बसोबासको स्थिति, जग्गाको प्रकृति, क्षेत्रफल मूल्यांकन, आवाद कमोतको अवधि र अन्यत्र जग्गा भए/नभएको लगायत आधारमा तोकिए बमोजिम वर्गीकरण गरी वर्गीकरण अनुसार तोकिए बमोजिमको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन सक्ने' भन्ने व्यवस्था थियो ।

तर, त्यो व्यवस्थाले सरकारी जग्गा कब्जा गर्नेलाई लालपुर्जा दिन अप्ठेरो परेको भन्दै सरकारले आर्थिक अवस्था, बसोबास स्थिति, आवाद कमोतको अवधि तथा अन्यत्र जग्गा भए/नभएको भन्ने मापदण्ड नै खारेज गरिदिएको छ ।

त्यसरी जग्गा उपलब्ध गराउँदा जग्गाको प्रकृति, क्षेत्रफल र मूल्यांकन हेरी तोकिए बमोजिम दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

यस्तो व्यवस्था कानुनमा आए सबल आर्थिक अवस्था भएका र अन्यत्र घरजग्गा भएका तर सरकारी जग्गा कब्जा गरी बसेकालाई सरकारले सजिलै जग्गा उपलब्ध गराउन सक्ने छ ।

थापा तथा शर्माले यो व्यवस्थालाई संशोधन गरी करिब पुरानै अवस्थामा फर्काउन माग गरेका छन् ।

उनीहरूकाे संशोधन प्रस्तावमा 'अव्यवस्थित बसोवासीलाई जग्गा उपलब्ध गराउँदा जग्गाको प्रकृति, क्षेत्रफल मूल्यांकन, आवाद कमोतको अवधि र अन्य शहरी क्षेत्रमा घर घडेरी भए/नभएको समेत हेरी तोकिए बमोजिमको दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन सक्ने छ ।'- भन्ने व्यवस्था छ ।

त्यस्तै विधेयकमा ऐनमा ६१ (क) थप गरी 'यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्ने छ' भन्ने व्यवस्था राखिएकोमा त्यसलाई हटाउने प्रस्ताव थापा र शर्माले गरेका छन् ।

कांग्रेस महामन्त्रीद्वयले भूमिसम्बन्धी कानुन निर्माणको विषय प्रदेशको समेत अधिकारमा रहेको हुँदा उनीहरूको समन्वय र सहकार्यमा यो ऐन संशोधन वा निर्माण गर्नुपर्ने राय दिएका छन् ।

'संविधानले समन्वय र सहकार्यको मान्यतामा आधारित संघीय संरचनाको व्यवस्था गरेको र राज्य संरचना र शक्तिको बाँडफाँटअनुसार भूमि व्यवस्थापन, जग्गाको अभिलेख, भूमि नीति र सो सम्बन्धी कानुन निर्माणमा प्रदेशको समेत अधिकार रहेको तथा तथा सम्मानित सर्वोच्च अदालतले यस सन्दर्भमा निर्देशनात्मक आदेश दिएको हुँदा प्रदेशहरूसँग समेत समन्वय र सहकार्य गरी कानुन बनाउन संसद्ले आवश्यक परामर्श गर्नुपर्ने,' कुरा उनीहरूले उल्लेख गरेका छन् ।

यो ऐन कार्यान्वयनसँग जोडिएका अन्य ऐनहरू र समग्र भू-उपयोग नीति र ऐन समेतको आधारमा यो ऐन संसोधन गर्न उपयुक्त हुने राय पनि उनीहरूले दिएका छन् ।

भूमिसम्बन्धी विधेयक अहिले संसद्मा पेश भएको छ । विधेयकमा ५५ जना सांसदहरुले संशोधन पेश गरेका छन् । गत १४ जेठको बैठकमा यो विधेयक प्रतिनिधिसभाको बैठकमा दफावार छलफल गर्ने तथा पारित गर्ने कार्यसूची थियो ।

तर, सो दिन संसद् बैठक नै बस्न नसकेपछि त्यो कार्यसूचीमा प्रवेश गरेन । सरकारले यसलाई समितिमा पठाउँदै नपठाई सिधैं सभाबाट पारित गर्न चाहे पनि सांसदहरुले भने समितिमा पठाउनुपर्ने माग गरेका छन् ।


## बिमालेख हराएको सूचना ।

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख मिति २०८२। २१९ गते रामग्राम ३ देखी परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**नाम** : **लक्षमण यादव**
**ठेगाना** : **रामग्राम-३ न.प.**
**बिमालेख नं.** : २५११०१७८९
**मोबाइल नं.** : ९८४७२९८०९८

## कागजात हराएको सूचना ।

मेरो निम्न प्रकारका अत्याआवश्यक कागजात यहि मिति २०८२/०२/११ गते मायादेवि देखि भैरहवा आउने क्रममा हराएको हुँदा भेटाउनु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

**१. विषादी समितिको प्रमाण पत्र**
**२. विषादी खुद्रा बिक्रेता इजाजत पत्र**
**३. बीउ विजन व्यवसायको अनुमति पत्र**
**४. बीउ बिजन गुणस्तर प्रमाण पत्र**
**५. स्थायी लेखा (PAN) दर्ता प्रमाण पत्र**
**६. गाउँ कार्यपालिका व्यवसाय दर्ता प्रमाण पत्र**

**नाम** : **हरि प्रसाद लोध**
**ठेगाना** : **मायादेवि गा.पा. वडा नं. २ माहादेवा, रुपन्देही**
**फोन नं.** : **९८०४४६५८८१**

**अनुसूची-१५**
**(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)**

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०३/१६

समईथान सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा. - ०३, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व.२०८१/०८२ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स.को घाटगद्दीमा लट बनाई राखिएको साल, अस्ना, कर्मा, कुसुम लगायत जातको गोलिया थान ९६९ को ६०९४.६१ क्यु.फि. काठ र अन्य जातको १५ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ / दाउरा ) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन सम्ममा बोल पत्र खरिद गरि २२ औं दिन भित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री समईथान सामुदायिक वन उपभोक्ता समूह**
**बुद्धभुमि न.पा - ०३, कपिलवस्तु**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०३।१६

यस कम्पनीको मिति २०८२।०२।२८ मा सम्पन्न बार्षिक सभा / बिशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी क्रिमसन फार्मेसी (Crimson Pharmacy) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नाम क्रिमसन सर्जिकेम प्रा.लि. (Crimson Surgichem Pvt.Ltd) ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०३।०९ को निर्णय अनुसार कम्पनीको नाम क्रिमसन सर्जिकेम प्रा.लि. ( Crimson Surgichem Pvt.Ltd) कायम गरिएको ब्यहोरा जानकारी गराइन्छ ।

**क्रिमसन सर्जिकेम प्रा. लि.**
तिलोत्तमा ५, मणिग्राम रुपन्देही फोन नं. ०७१-५६२७४

## विकास बहुउद्देश्यीय सहकारी संस्था लि.

**तिलोत्तमा न.पा.-०१, ड्राइभर टोल, रुपन्देही ।**

## कर्जा नतिर्ने ऋणीको लिलाम सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

सूचना प्रकाशित मितिः २०८२ असार १६ गते

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यले ब्यवसायिक कर्जा शिर्षक अन्तर्गत लिनुभएको कर्जाको नियमित रुपमा संस्थालाई बुझाउनुपर्ने साँवा तथा ब्याज नतिरी यस संस्थामा गरेको सम्झौता र शर्तको उल्लंघन गरी भुक्तानीको अवधी समेत ब्यतित गरी बस्नु भएको र पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा र पछिल्लो पटक मिति २०८२ जेठ १२ गतेको लुम्बिनी दैनिकमा ऋण तिर्न आउने बारेको ३५ दिने ताकेता सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता नगराउनु भएकोले तपाईले संस्थालाई लिखित गरी दिनुभएको सुरक्षण बापतको धितो नियमअनुसार लिलामबिक्री गरी संस्थाको लेना रकम असुलउपरका लागि नियमअनुसार सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तिर्नुपर्ने साँवा ब्याज एवं हर्जना समेतको सम्पूर्ण रकम चुक्ता गरी धितोको सम्पत्ती फुकुवा गराई लैजान ऋणी सदस्यलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । अन्यथा धितोमा रहेको अचल सम्पत्ती सूचना प्रकाशित मितिले ३६औं दिनमा तपशिलमा उल्लेखित मिति, स्थान र समयमा लिलामबिक्री गरी संस्थाले आफ्नो लेना रकम असुलउपर गर्ने साथै सुरक्षणमा रहेको सम्पत्तीबाट लेना रकम असुलउपर नभएमा ऋणी सदस्यको अन्य चलअचल सम्पत्तीबाट संस्थाले आफ्नो लेना रकम असुलउपर गरी लिने ब्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईएको छ ।

| ऋणीको तिनपुस्ते विवरण | कर्जा शिर्षक | ठेगाना | वडा नं. | कित्ता नं | क्षेत्रफल |
|---|---|---|---|---|---|
| ऋणीको नाम : प्रकाश पाण्डे<br>बाबुको नाम : देवी प्रसाद पाण्डे<br>बाजेको नाम : पेउ नारायण पाण्डे<br>ठेगाना : जिल्ला गुल्मी अश्लेवा गा.वि.स. वार्ड नं. ३<br>हाल : जिल्ला रुपन्देही<br>तिलोत्तमा न.पा. वार्ड नं. ५ रुपन्देही | ब्यापार कर्जा | अचल सम्पत्ती जिल्ला रुपन्देही सिक्टहन गा.वि.स. वार्ड नं. ७ /घ को जग्गा | ७/घ | ११ | ०-७ -१० |
| ऋण लगानीमिति : २०७७/०९/१० | ऋण लगानी रकम | ७०,००,०००।- | | | |

**शर्तहरु :**
१. ऋणी सदस्यलाई यसै बमोजिमको सूचना पठाई सकिएको छ । सो प्राप्त नभएको भए यसै सूचनाद्धारा सूचित भएको मानिनेछ ।
२. सहकारी नियमावली २०७५ को नियम ३०, १(च) बमोजिम कायम भएको न्यूनतम पञ्चकृत मोलबाट डाक बढाबढ शुरु हुनेछ । सबैभन्दा बढी डाक बोल्नेका नाममा लिलाम बिक्री स्वीकृत गरिनेछ ।
३. डाक बढाबढको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन दाखिला गर्नुपर्ने छ । र बाँकी रकम ७ दिनभित्र दाखिला नगरेमा डाक बढाबढका दिन दाखिला गरेको रकम जफत गरी पुनः डाक लिलामको सूचना प्रकाशित गरिनेछ ।
४. लिलाम गर्न तोकिएको दिन बिदा पर्न गएमा सो को भोलिपल्ट गरिने छ ।
५. कुनै कारण वस लिलाम गर्न नपर्ने भएमा वा स्थगित गर्नुपर्ने भएमा संस्थाले सूचना प्रकाशित गरि रद्द वा स्थगित गर्न सक्नेछ ।
६. सम्बन्धित सम्पत्ती दाखेले खारेज गर्दा लाग्ने सम्पूर्ण खर्च लिलाम सकार गरी लिनेले ब्यहोर्नु पर्नेछ ।
७. अन्य बिस्तृत जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

लिलाम बिक्री हुने मिति, समय र स्थान :
मिति : २०८२।०४।१९
स्थान : विकास बहुउद्देश्यीय सहकारी संस्था लि.को कार्यालय, तिलोत्तमा न.पा -१ ड्राईभरटोल, रुपन्देही
समय : दिनको ११ बजेदेखि ३ बजेसम्म

**स्थानीय सरकार**
## रामग्राम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**परासी , नवलपरासी (ब.सु.प)**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

( सूचना प्रकाशित मिति २०८२/०३/१६ )

रामग्राम नगरपालिकाको आ.व. २०८१/०८२ को बार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तपसिल बमोजिमको कार्य गर्नु पर्ने भएकाले विभिन्न मितिमा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आव्हान गरिएकोमा सुचना अनुसार रीतपुर्वक पर्न आएकाबोलपत्रहरु मध्ये तपसिल बमोजिमको न्यूनतम मुल्याङ्कित फर्म सारभूत रुपमा प्रभावग्राही देखि स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएको हुदा, सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थ सात दिनका लागि आशयपत्र जारी गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत सोहीव्यहोरा जानकारी गराउन सकिने व्यवस्था भए बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | फर्मको नाम तथा स्थान | कबोल रकम भ्याट र पि.एस. बाहेक |
|---|---|---|---|---|
| 1 | RAM/ EB/081/082/35 | KaasipurPulNirman, Ramgram 06 | Pathak Construction, Ramgram 09 | Rs. 27,35,811.00 |
| 2 | RAM/ EB/081/082/37 | Shiv Murtitatha Fitness Park Nirman, Ramgram 02 | Pathak Construction, Ramgram 09 | Rs. 40,16,462.00 |
| 3 | RAM/ EB/081/082/28 | NaalaNirmanKarya, Dighawal, Ramgram 15 | Pathak Construction, Ramgram 09 | Rs. 14,78,692.50 |

प्रमुख प्रशासकीय अधिकृत

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

**सम्पर्कः**
**तिनाउ सेनेटरी**
**बुटवल-१०, सुखानगर, रूपन्देही,**
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

**सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस**

**सम्पर्कः**
**सीताराम सफा सेनेटरी**
**भैरहवा**
**९८६९७८९२७५,९८००७६०६२२**

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
**बर्मेलीटोल, भैरहवा**
**मो.9847324755,9804406297**

# सेमलारमा नेपाल किसान महासंघको रोपाइँ उत्सव



बुटवल । नेपाल किसान महासंघ, लुम्बिनी प्रदेश, जिल्लासमिति रुपन्देहीले २२औं राष्ट्रिय धान दिवसको अवसरमा आइतबार बुटवल उप-महानगरपालिका-१९ मा धान रोपाइँ गरेर दिवस मनाएको छ। किसान राजेन्द्र क्षेत्रीको खेतमा गरिएको रोपाई कार्यक्रममा बोल्दै नेपाली कांग्रेस प्रदेश सभापति अमरसिंह पुनले देशलाई कृषिमा आत्मनिर्भर बनाउन खेतीयोग्य जमिनको खण्डीकरण रोक्नुपर्नेमा जोड दिए।

नेता पुनले मल, बिउ र सिँचाइ उपलब्ध नहुँदा किसानलाई सधैँ समस्या रहेको बताउँदै सरकारले यसमा ध्यान दिनुपर्ने बताए। सरकारी अनुदानमा पारदर्शिता नभएको भन्दै उनले वास्तविक किसानको पहुँचमा पुऱ्याउनुपर्ने जनाए। किसान महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष रीता केसीले नेपालमा कृषि पेशामा संलग्न रहेका किसानहरु संगठित हुनुपर्ने बताइन्। नेपाललाई कृषिमा आत्मनिर्भर बनाउदै परम्परागत रैथाने बालीको पनि संरक्षण गर्ने योजना सरकारले ल्याउन आवश्यक रहेकोमा उनको जोड थियो। सो अवसरमा रोपारेहरुले असारे गीत गाउँदै पञ्चेबाजामा नाचेर रोपाईं उत्सव गरेका थिए। कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला र प्रदेश तहका नेताहरुको सहभागिता रहेको नेपाली कांग्रेस बुटवल उप-महानगरपालिकाका सचिव छायाँ पोखरेलले बताए।

# सिद्धिविनायकमा ४ जीपीएको खुशियाली ऱ्याली



बुटवल। विद्यालय शिक्षा परीक्षा एसईईमा आफ्नो विद्यार्थीले सर्वोत्कृष्ट नतिजा ४ जीपीए ल्याएको खुसियालीमा बुटवल सेमलारस्थित सिद्धिविनायक सेकेन्डरी स्कुलले आइतबार ऱ्याली निकालेको छ। सिद्धिविनायक स्कुलबाट २०८१ सालको एसईईमा सहभागी भई स्वेता शर्माले जीपीए ४ हासिल गरेकी छन्। यो विद्यालयबाट एसईईमा जीपीए ४ ल्याउने स्वेता एक्ली छात्रा हुन्।

उत्कृष्ट नतिजा हासिल गरेको भन्दै विद्यालयले स्वेतालाई गोल्ड मेडलबाट सम्मान गरेको छ। विद्यालयबाट ३० जनाले एसईई दिएकोमा २७ जना कक्षा ११ मा भर्ना हुन योग्य भएको प्राचार्य खुमानन्द वाग्लेले जानकारी दिए। विद्यालयबाट जीपीए ४ सहित ७ जना ए प्लस, १४ जना ए, २ जना बि प्लस र एकजना बि ग्रेड ल्याई उत्तीर्ण भएका छन्। प्राचार्य वाग्लेले यो सफलताका लागि सम्पूर्ण शिक्षकको टिम, अभिभावक तथा विद्यार्थीहरुको लगनशीलता र मेहनतबाट मात्रै सम्भव भएको बताए।

विद्यालयले स्वेतासँगै एसईईमा सफल सबै विद्यार्थी र उनीहरुका अभिभावकलाई पनि सम्मान गरेर खुसियाली ऱ्याली निकालेको हो।

विद्यालय परिसरबाट बाजागाजासहित सुरु भएको खुसियाली ऱ्याली सेमलार बजार परिकर्मा गरी पुनः विद्यालयमै पुगेर टुंगिएको थियो। ऱ्यालीमा विद्यालयका शिक्षक, सञ्चालक, विद्यार्थी, अभिभावकसहित स्थानीयको पनि सहभागिता थियो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अर्जुन खत्रीले शिक्षक, अभिभावक र विद्यार्थीको संयुक्त मेहनत र प्रयासले यो सफलता प्राप्त भएको बताए।

विद्यालयका सञ्चालक कृष्णप्रसाद उपाध्यायले विद्यालयले शैक्षिक क्षेत्रमा फड्को मार्दै गएकाले थप पूर्वाधार विकास गरी शैक्षिक गुणस्तरमा थप वृद्धि गर्दै लगिने जनाए। जीपीए ४ हासिल गर्न सफल स्वेताका बुबा टिकाराम शर्माले नर्सरीबाटै आफूले छोरीलाई यही विद्यालयमा भर्ना गरेको भन्दै विद्यालयको शैक्षिक वातावरण राम्रो रहेको आफूले पाएको बताए। शिक्षिका बिन्दु लम्सालले विद्यालयले प्राप्त गरेको सफलतालाई आगामी दिनमा पनि कायम राख्ने गरी अगाडि बढिने बताइन्।

२०५६ सालमा स्थापना भएको यो विद्यालयमा हाल ५२० जना विद्यार्थी अध्ययनरत छन्। विद्यालयले यसअघि आफ्नो रजत जयन्ती समेत मनाइसकेको छ।

# जनता माविबाट प्राविधिक धारतर्फ शतप्रतिशत उत्तीर्ण

पाल्पा। जनता माध्यमिक विद्यालय तानसेन पाल्पाले प्राविधिक धार(इन्जिनियरिङ्ग)तर्फ शतप्रतिशत नतिजा हासिल गरेको छ। प्राविधिक धारतर्फ जिल्लामा शतप्रतिशत नतिजा हासिल गर्ने विद्यालय जनता मावि तानसेन मात्र रहेको विद्यालयका प्रधानाध्यापक हरिप्रसाद घिमिरेले बताए। जिल्लामा विभिन्न १२ विद्यालयमा प्राविधिक शिक्षा पठन पाठन हुँदै आएको छ। जनता विद्यालय तानसेनबाट २५ जना विद्यार्थीहरु एसईई परीक्षामा सहभागी भएकोमा २५ जना विद्यार्थी नै उत्तीर्ण भएका छन्।

यसैगरी एसईई परीक्षामा १ सयभन्दा बढी विद्यार्थी सहभागी गराएर ए ग्रेड माथि ४० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने विद्यालय राष्ट्रिय शिक्षा पुरस्कारको लागि दाबी गर्न पाउने नियमअनुसार जनता मावि तानसेन राष्ट्रिय शिक्षा पुरस्कारको दाबी गर्ने स्थानमा पुगेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामजी पोखरेल (भोजराज)ले बताए। जनताले समग्र नतिजाको ४५ प्रतिशत ए ग्रेडमाथिको नतिजा ल्याएको दाबी अध्यक्ष पोखरेलले गरेका छन्। अहिले सरकारीस्तरमा देशभरीबाट राज्यको घोषित नीतिअनुसार एसईई परीक्षा २०८१ को नतिजामा १५औं स्थानमा जनता मावि (जेभेटी) आएकोविद्यालयका शिक्षक रामप्रसाद ढकालले दाबी गरे।

जनता माध्यमिक विद्यालय तानसेनबाट १२१ जना विद्यार्थीहरु एसईई परीक्षामा सहभागी भएकोमा ८६ जना उत्तीर्ण भई ७१ प्रतिशत नतिजा हासिल गरेको छ। जसमा प्राविधिक धारतर्फ २५ जना परीक्षामा सहभागी भएकोमा २५ जना नै उत्तीर्ण भई शतप्रतिशत र साधारणतर्फ ६१ जना विद्यार्थी उत्तीर्ण भएको विद्यालय व्यवस्थापन समितिका सदस्य हरिवोल भट्टराईले बताए। विद्यालयले ए प्लस ग्रेडल्याउने २२ जना, ए ग्रेड ल्याउने ३१ जना, विप्लस ग्रेडल्याउने २६ जना, र वि ग्रेड ल्याउने ७जना रहेका छन।

विगत वर्षदेखि नै उत्कृष्ट नतिजा ल्याएको खुसियालीमा अभिभावक, विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिसहित पञ्चेबाजा बजाउँदै नाचगानसहित तानसेन बजार परिक्रमा गरेका थिए। एसईई उत्तीर्ण भएका विद्यार्थीहरुले जनता माविमा स्तरीय ल्याव सेवासहित विज्ञान, इञ्जिनियरिङ्ग, होटल म्यानेजमेण्ट, व्यवस्थापन, शिक्षा संकायमा अध्ययन गर्ने अवसर रहेको विद्यालयले जनाएको छ।

# नवलपुरमा असार १५ सम्म ४० प्रतिशत धान रोपाई



**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरमा असार १५ सम्म ४० प्रतिशत धान रोपाई सकिएको छ। कृषि ज्ञान केन्द्र नवलपुरका अनुसार नवलपुरमा १८ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने गर्दछ। ति मध्ये असार १५ सम्म ४० प्रतिशत क्षेत्रफलमा धान रोपाई सकिएको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए। उनका अनुसार यस वर्ष पानी राम्रो परेका कारण धान खेतीमा सहज भएको छ।

नवलपुरमा ६१ हजार क्षेत्रफल खेती योग्य जमिन रहेको छ। जसमध्ये ४९ हजार हेक्टर क्षेत्रफलमा खेती हुने गर्दछ भने २७ हजार हेक्टर क्षेत्रफल अर्थात् खेती हुने जमिनमध्ये ५५ प्रतिशत क्षेत्रफलमा मात्र सिँचाइ सुविधा पुगेको कृषि ज्ञान केन्द्र नवलपुरका कृषि अर्थ विज्ञ संजय ढकालले जानकारी दिए।

सिँचाइ सुविधा पुगेको २७ हजार हेक्टर क्षेत्रफमध्ये २० हजार हेक्टर क्षेत्रफल जमिनमा १२ महिना सिँचाइ सुविधा उपलब्ध रहेको छ भने ७ हजार हेक्टर क्षेत्रफलमा मौसमी सिँचाइको सुविधा रहेको छ।

नवलपुरमा ६१ हजार हेक्टर क्षेत्रफल खेती योग्य जमिन भए पनि यहाँ १८ हजार हेक्टर क्षेत्रफलमा मात्रै धान खेती हुने गरेको कृषि ज्ञान केन्द्र नवलपुरको तथ्यांकमा उल्लेख रहेको छ।

सिँचाइ सुविधा नपुगेको क्षेत्रमा नवलपुरमा आकाशे पानीकै भरमा खेती गर्नु पर्ने बाध्यता रहेको छ।

नवलपुरमा सावा मन्सुली, सावित्री, हर्दिनाथ ६, रामधान, अनदि लगायतका धान खेती हुने गर्दछ।

**कृषिमा लागत घटाउन र उत्पादन बढाउनु पर्नेमा जोड**

यसैगरी असार १५ अर्थात् २२औं राष्ट्रिय धान दिवसको अवसरमा नवलपुरमा आइतबार विविध कार्यक्रम गरिएको छ।

नवलपुरको देवचुली-१७ कुजौलिमा कृषि ज्ञान केन्द्र नवलपुर र देवचुली नगरपालिकाको कृषि शाखाको आयोजनामा २२औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८२ कार्यक्रम गरिएको छ।

कार्यक्रममा महिलाहरु बिचको माछा समात्ने प्रतियोगिता पनि गरिएको थियो। कार्यक्रम सृजना तरकारी उत्पादन कृषक समूहको सहकार्यमा भएको हो।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेश कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री पदमा जिसी श्रेष्ठले नवलपुर जिल्ला गण्डकी प्रदेशकै सबैभन्दा बढी कृषिमा उर्वर भूमि रहेकोले प्रदेश सरकारले नवलपुर जिल्लालाई लक्षित गरी कृषिमा आधारित कार्यक्रमहरु ल्याएको बताए।

त्यसैगरी कृषि मन्त्री पद्मा जिसी श्रेष्ठले कृषकलाई प्रविधि मैत्री बनाउँदै थोरै लगानीमा धेरै उत्पादन गर्न सक्ने गरी कृषिमा आधुनिकीकरण गर्नु पर्नेमा जोड दिइन्।

त्यसैगरी उनले कृषिबाट देशलाई समृद्धि गराउन सक्ने भएकोले कृषी उपजको मूल्य र बजार व्यवस्थापनमा सरकारको ध्यान केन्द्रित भएको उनले बताइन्।

कार्यक्रममा जिल्ला समन्वय समिति नवलपुरका प्रमुख बाबुराम विश्वकर्मा, देवचुली नगरपालिकाका नगर प्रमुख हरिप्रसाद न्यौपानेलगायतले मन्तव्य राखेका थिए।

कार्यक्रमा बोल्दै देवचुली नगरपालिकाका नगर प्रमुख हरिप्रसाद न्यौपानले देवचुली नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने सहित योजना बनाएर अगाडि बढेको जानकारी दिए। कार्यक्रममा देवचुली नगरपालिकाका जनप्रतिनिधिहरु, कर्मचारीहरु, कृषक, स्थानीय बासिन्दालगायतको सहभागिता रहेको थियो।

त्यसैगरी असार १५ अर्थात् राष्ट्रिय धान दिवसको अवसरमा मध्यबिन्दु नगरपालिका-२ कोल्हुवामा रोपाइँ महोत्सव २०८२ विशेष उत्सव कार्यक्रम गरिएको छ।

नगरप्रमुख भिमला अधिकारी, उपप्रमुख पूर्णकला चौधरीसहितका जनप्रतिनिधि, कर्मचारी, किसान, स्थानीय बासिन्दालगायतको सहभागितामा धान दिवस धान रोपेर मनाइएको हो।

'माटोसँगै मन मिलाऔँ, धान रोपेर हर्ष छराऔँ' भन्ने नाराका साथ कार्यक्रम आयोजना गरिएको हो।


## पाणिनी गाउँपालिकाको अनुरोध

- बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौं :
- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं

अनुरोधक :

पाणिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com